अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२७ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरीएको ।

---

बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालय, जोरपाटी, काठमाण्डौमा नेपाल सरकारबाट अनुदान रकम प्राप्त गरी खरिद भएको जग्गामा विद्यालय भवन बनाई संचालनमा रहेको विद्यालयमा विभिन्न दाताहरुले दिएको रकम समेत हिनामिना गरी गराई विद्यालयनै बन्द भएको हुँदा उक्त विद्यालयमा भएको भ्रष्टाचारको अनुसन्धान गरी आवश्यक कारवाही गरिदिन हुन भनी आयोगमा परेको उजुरीका सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई विस्तृत अनुसन्धानको कार्य भईरहेको अवस्थामा उजुरीका आरोपित व्यक्तिहरु बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सोनाम वाङछेन शेर्पा, अखिल नेपाल हिमाली बौद्ध संघका अध्यक्ष सोनाम छिरिङ शेर्पा र अखिल नेपाल हिमाली बौद्ध संघका महासचिव एवं बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयका तत्कालीन अध्यक्ष नर बहादुर बुढाथोकीले विद्यालयसँग सम्बन्धित उजुरीको अनुसन्धान गरिरहेका अनुसन्धान अधिकृत एवं राष्ट्रसेवकहरुलाई पटक पटक सम्पर्क गरी आफुहरु विरुद्धको भ्रष्टाचारजन्य कसुरको अनुसन्धानको काम नगर्न नगराउनका लागि रु. १०,००,०००।- (दश लाख) घुस रकम दिंदाको अवस्थामा पक्राउ परेको तथ्य स-प्रमाण पुष्टी हुन आई निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सोनाम वाङछेन शेर्पा, अखिल नेपाल हिमाली वौद्ध संघका अध्यक्ष सोनाम छिरिङ शेर्पा, अखिल नेपाल हिमाली वौद्ध संघका महासचिव एवं बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयका तत्कालीन अध्यक्ष नर बहादुर बुढाथोकीलाई विगो रु. १०,००,०००।- (दश लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन र रिसवत बापतको रकम रु. १०,००,०००।- (दश लाख) समेत जफत हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी